# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण देहाय बमोजिम रहेको छ ।

विवरण सार्वजनिक गरेको मिति: २०७५/०५/०६

| क.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क. | निकायको स्वरुप र प्रकृति: | कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भइ बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त गरी संचालित "घ" वर्गको लघुवित्त वित्तीय संस्था । |
| ख. | निकायको काम, कर्तव्य र अधिकार: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ । |
| ग. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण: | हाल कार्यरत कर्मचारी संख्या ७१७ रहेको छ । संस्थाले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत भइरहेको छ । व्यवस्थापन समूहको नाम र पद संस्थाको आधिकारीक वेबसाईट: www.nirdhan.com.np मा हेर्न सकिन्छ । |
| घ. | निकायबाट प्रदान गरिने सेवा: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गका वित्तीय संस्थाहरुले दिन सक्ने सेवाहरु । |
| ङ. | सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी: | सेवा प्रदान गर्ने शाखाको सम्पर्क ठेगाना यस संस्थाको आधिकारीक वेबसाईट: www.nirdhan.com.np मा उपलब्ध गरिएको छ । |
| च. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि: | संस्थाले प्रदान गर्ने विभिन्न सेवाको शुल्क, ब्याजदर तथा अवधि यस संस्थाको आधिकारीक वेबसाईट: www.nirdhan.com.np मा प्रकाशन गरिएको छ । |
| छ. | निर्णय गर्ने प्रक्रिया र अधिकारी: | संस्थाबाट प्रदान गर्ने सेवा सम्बन्धमा विभिन्न प्रकारका निर्णयहरु विभिन्न तहका अधिकारीहरुले संस्थाको आन्तरिक विनियमावलीको अधिनमा रही गर्न सक्ने व्यवस्था रहेको छ । नियमित संचालन सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत तथा संस्थाको संचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको छ । |
| ज. | निर्णय उपर उजुरी सुन्ने अधिकारी: | निर्णय उपर उजुरी सुन्ने अधिकारीको रुपमा प्रमुख कार्यकारी अधिकृत तथा संस्थाको संचालक समिति रहेको छ । |
| झ. | सम्पादन गरेको कामको विवरण: | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम "घ" वर्गका वित्तीय संस्थाहरुले गर्ने सेवाहरु सुचारु रुपले संचालन भइरहेको छ । |
| ञ. | सूचना अधिकारी र प्रमुखको नाम र पद: | संस्थाको सूचना अधिकारी: श्री राम बहादुर चौधरी, मुख्य व्यवस्थापक तथा कम्पनी सचिव<br>संस्थाको प्रमुख: श्री जनार्दन देव पन्त, प्रमुख कार्यकारी अधिकृत । |
| ट. | ऐन, नियम, विनियम र निर्देशिकाको सूची: | प्रचलित सम्पूर्ण ऐन, नियम, विनियम र निर्देशिकाहरु संस्थाले पालना गर्नु पर्ने हुन्छ भने देहाय बमोजिमको ऐन, नियम, विनियम र निर्देशिकाहरु संस्थाको सेवाहरु संचालनका लागि प्रमुख रुपमा रहेका छन् ।<br>१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३<br>२. नेपाल राष्ट्र बैंक ऐन, २०५८ ३. कम्पनी ऐन, २०६३<br>४. बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ ५. धितोपत्र सम्बन्धी ऐन, २०६३<br>६. करार ऐन, २०५६ ७. आयकर ऐन, २०५८<br>८. उपरोक्त ऐन बमोजिमका सम्पूर्ण नियम तथा विनियमहरु ।<br>९. नेपाल राष्ट्र बैंकबाट जारी गरिएका सम्पूर्ण निर्देशिका, परिपत्रहरु । |
| ठ. | आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणहरु: | यस संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक अद्यावधिक विवरणहरु राष्ट्रियस्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको र यस संस्थाको आधिकारीक वेबसाईट: www.nirdhan.com.np मा समेत विवरण राखिएको छ । |

सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिमको रहेको छ:

| क.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| क. | अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण: | यस संस्थाले लघुवित्त सेवा सम्बन्धी कार्य गर्दै आएको छ । संस्थाले वार्षिक साधारण सभा, कर्मचारीहरुको तालिम तथा गोष्ठी, ग्राहक सदस्यहरुको तालिम तथा गोष्ठी आदि संचालन गरेको छ । |
| ख. | सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण: | यस संस्थाको आधिकारीक वेबसाईट: www.nirdhan.com.np रहेको छ । |
| ग. | सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण: | यस संस्थाको वार्षिक विवरणहरु वार्षिक प्रतिवेदनको रुपमा प्रकाशित भइ संस्थाको वेबसाईट समेतमा प्रकाशन गरिएको छ । साथै संस्थाको आर्थिक विवरण त्रैमासिक रुपमा विभिन्न राष्ट्रियस्तरका पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेबसाईटमा राखिएको छ । |


## निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय, "निर्धन भवन", भगवतीबहाल, नक्साल, काठमाण्डौ

फोन नं: ९७७-१-४४१३७११,४४१३८४०, फ्याक्स: ९७७-१-४४१३८५६

Email: info@nirdhan.com.np